त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
सुर्खेत बहुमुखी क्याम्पस
Surkhet Multiple Campus

क्याम्पस फोन : ५२०३०७
: ५२०२१८
आवास : ५२०२९७
फ्याक्स : ०८३-५२०३०७
E-mail: info@sc.tu.edu.np
क्याम्पस रोड, वीरेन्द्रनगर, सुर्खेत
Campus Road, Birendranagar, Surkhet

च. नं. :
D.No.:
पत्र संख्या / Ref. No.:

मिति /Date:

# सटर कोठा बहालमा दिने सम्बन्धि सूचना

## प्रकाशित मिति : २०८२/०२/२६

यस सुर्खेत बहुमुखी क्याम्पसको उत्तरी सडक किनारा खण्डको पश्चिमतर्फ नवनिर्मित ब्लकमा रहेको व्यापारिक तथा व्यावसायिक प्रयोजनको सटर कोठाहरू मध्ये सटर कोठा नं.४ बहालमा दिनुपर्ने भएकोले उल्लेखित सटर बहालमा लिन इच्छुक व्यक्ति तथा फर्महरूले यहि मिति २०८२/०३/०१ गते दिनको ४:०० बजेसम्म क्याम्पसमा आइपुग्ने गरी निवेदन पेश गर्न हुन सूचित गरिन्छ। सटर कोठा प्रयोग गर्दा नियमानुसार हुन आउने विद्युत तथा पानीको महशुल स्वयम् व्यक्ति वा फर्मले तिर्नुपर्नेछ। सटरकोठाको न्युनतम मासिक बहाल रु. ८,०००।- (आठहजार) मात्रमा नघट्ने गरी बहाल दर स्पष्टसँग अङ्क र अक्षर दुबैमा कबोल गरी उक्त निबेदनपत्र र नागरिकताको प्रतिलिपि सहित सिलबन्दी गरी क्याम्पसमा बुझाउनु पर्नेछ। रितपूर्वक दर्ता भएका निवेदन पत्र मिति : २०८२/०३/०२ गते विहान १०: ०० बजे निवेदक वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभएमा पनि निवेदनपत्र खोल्न बाधा पर्ने छैन। सबैभन्दा बढी भाडा कबोल गर्ने व्यक्ति वा फर्मलाई छनौटमा ग्राह्यता दिइनेछ। यस सम्बन्धमा कुनै विवाद भएमा अन्तिम निर्णय गर्ने अधिकार क्याम्पसमा निहित हुने व्यहोरा समेत जानकारी गराइन्छ।

पुनश्च : क्याम्पसको शैक्षिक वातावरण प्रतिकुल असर पार्ने कुनै पनि मदिरा, मादक तथा सूर्तिजन्य पदार्थको विक्रीका लागि कुनै पनि पक्षलाई उल्लेखित सटर कोठा उपलब्ध गराइने छैन।

..............................
(माधवप्रसाद खनाल)
क्याम्पस प्रमुख

क्याम्पस प्रमुख
सुर्खेत बहुमुखी क्याम्पस

CamScanner